१०५३

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४७७/२०७२/०७३

निर्णय नं. ६६५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत .......................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), रामग्राम नगरपालिका कार्यालय, नवलपरासी ...........१ विपक्षी

सूचना अधिकारी, रामग्राम नगरपालिका कार्यालय, नवलपरासी ......................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेतले रामग्राम नगरपालिका कार्यालय, नवलपरासी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम रामग्राम नगरपालिका कार्यालय, नवलपरासीलाई मिति २०७२।०७।२९, च.न ४४२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त रामग्राम नगरपालिका कार्यालय, नवलपरासीको मिति २०७२।०९।०१, च.नं. १२५४, को पत्र मार्फत पुनराबेदकले माग गरेको सूचना पुनराबेदकलाई उपलब्ध गराई यस आयोगलाई समेत बोधार्थका माध्यमबाट जानकारी दिएको देखिएको यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनराबेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।